# लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र पुस्तिका

## (आन्तरिक स्रोत उठाउने व्यवस्थापन सम्बन्धि)

## आर्थिक वर्षः- २०८०।०८१

ठेक्काको नाम :- (लम्की बसपार्कमा सवारी साधनको पार्किङ / प्रवेश शुल्क संकलन गर्ने कार्य)

**ठेक्का नं. :-** **02/LCM/SQ/2080/081**

प्रथम पटक सूचना प्रकाशित मिति :- २०८०।०४।०३

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

**लम्कीचुहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भल्का कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
आन्तरिक आयको ठेक्का सूचना
सूचना प्रकाशित मिति:- २०८०।०४।०३

लम्कीचुहा नगरपालिकाले देहाय बमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यम बाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८०।०४।०३ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतिय पोर्टल www.bolpatra.com/egp मार्फत बोलपत्र आवह्राको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०।०४।१८ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८०।०४।१८ गते दिनको २ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा बिधुतिय माधयम बाट मात्र गर्नु पर्नेछ ।

<u>तपसिल</u>

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | (न्यूनतम ठेक्का अंक मु.अ.कर बाहेक) | विड सुरक्षण वाफतको रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 02/LCM/SQ/2080/081 | बसपार्क सवारी साधनको पार्किङ/प्रवेश शूल्क संकलन गर्ने कार्य | रु.९,००,०००।०० | कबोल अंकको ५% भ्याट सहितको | १०००।०० | |

विस्तृत जानकारीको लागि www.bolpatra.gov.npहेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकिय अधिकृत
शेर बहादुर बुढा

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

१.परिचय

स्थानिय सरकार सचालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गत यस नगरपालिका कर, शुल्क दस्तुर लगाउन पाउने अधिकार प्रदान गरे अनुरुप लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कैलाली बाट आर्थिक वर्ष २०८०।०८१ मा आन्तरिक स्रोत उठाउने शिर्षक एकिन गरि न्यूनतम कवोल अंक कायम गरिएको छ।यसरी एकिन भएको शिर्षक र न्यूनतम कवोल अंक लाई आधार मानि आन्तरिक स्रोत उठाउने सम्बन्धि बोलपत्र आह्वानको सूचना मिति २०८०।०४।०३ गते मा प्रथम **पटक** प्रकाशित भएको छ। यहि सूचना अनुसार यो बोलपत्र पुस्तिका तयार गरिएको छ।

**२. परिभाषा र व्याख्या**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बोलपत्र पुस्तिकामा
(क) "कार्यालय" भन्नाले, लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भल्का कैलाली, सम्झनु पर्दछ ।

(ख) "आन्तरिक श्रोत" भन्नाले कार्यालयले आर्थिक वर्ष २०८०।०८१ का लागि स्विकृत आन्तरिक श्रोतका शीर्षकहरुसम्झनु पर्दछ ।

(ग) "न्यूनतम कवोल अंक" भन्नाले कार्यालयले आर्थिक वर्ष २०८०।०८१ का लागि आन्तरिक श्रोतका शिर्षकहरुकालागि कायम गरेको न्यूनतम ठेक्का कवोल अंक सम्झनु पर्दछ ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।सान्दर्भिक विषयमा सार्वजनिक खरिद ऐन२०६३ समेत सम्झनु पर्दछ ।

(ङ) "नियमावली" भन्नाले सार्वजनिकखरिदनियमावली २०६४ र नगरपालिकाको आन्तरीक आय (ठेक्का) बन्दोवस्त सम्वन्धी नियमावली २०८० लाई सम्झनु पर्दछ ।

(च) "ठेकेदार" भन्नाले ठेक्का दिइएका र ठेक्काको शर्त अनुसार कार्य पुरा गर्ने जिम्मा लिएका व्यक्ति वा निजकोप्रतिनीधि सम्झनु पर्दछ ।

(छ) "सम्झौता" भन्नाले तोकिएको कार्यहरु गर्नका लागि दुवै पक्षको दायित्व निर्धारण गरि कार्यालय र ठेकेदारकाविचमा सहमति भई हस्ताक्षर भएको लिखित कागजात सम्झनु पर्दछ ।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

वीर बहादुर बुढा प्रमुख प्रशासकीय अधिकृत

३:- ठेक्का विवरण, न्यूनतम कबोल अंक र ठेक्काका मुख्य शर्तहरु ।

आ. वर्ष २०८०।०८१मा आन्तरिक श्रोत उठाउने शिर्षक र न्यूनतम ठेक्का कबोल अंक देहाय वमोजिमरहेको छ ।

३ (क)- ठेक्का विवरण तथा न्यूनतम कबोल अंक

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | (न्यूनतम ठेक्का अंक मु.अ.कर बाहेक) |
|---|---|---|
| 02/LCM/SQ/2080/081 | बसपार्क सवारी साधनको पार्किङ/प्रवेश शूल्क संकलन गर्ने कार्य | रु.९,००,०००।०० |

३(ख) - ठेक्काका मुख्य शर्तहरु

१. ठेक्का सम्वन्धि बोलपत्र पुस्तिका खरिद वापत लाग्ने दस्तुर रु १०००।०० (एक हजारमात्र) **लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, लम्की शाखा कैलालीमा रहेको आन्तरिक राजस्व खात न. ग-१.१ (४४५०१००३०१०१०००२)** मा जम्मा गरेको बैंक भौचरका साथ संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकरमा दर्ता गरेको प्रमाणपत्र र आर्थिक वर्ष २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदनपेश गरिबोलपत्र खरिद तथा दर्ता सम्वन्धि कार्य विधुतियपोर्टल www.bolpatra.com/egpका माध्यम बाट मात्र गर्न सकिने छ।

२. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको ५ (पाच) प्रतिशतका दरले हुने धरौटी रकम **राष्ट्रिय वाणिज्य बैंक, लम्की शाखा कैलालीमा यस लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय नाममा रहेको ग ३ स्थानीय तह धरौटी खाता न.४४५०१००३०३००००००२** मा जम्मा गरि सो को सक्कलै भौचर वा वाणिज्य बैंकले जारी गरेको सो रकमबराबरको ९० दिन म्याद भएको बोलपत्र जमानत बोलपत्र साथ संलग्न राखि पेश गर्नु पर्नेछ ।

३. बोलपत्रदाताले यस को सूचनामा उल्लेखित शर्तहरु तथा प्रचलित कानुन राम्रोसंग पढी बुझेर पेस गरेको मानिनेछ।

४. बोलपत्रदाताले यस बोलपत्र फारमको प्रत्येक पानामा व्यक्ति भए आफ्नोदस्तखत र फर्म भए फर्मको आधिकारिक व्यक्तिको दस्तखत र सस्थाको छाप अनिबार्य रुपमा लगाएको हुनुपर्छ ।

५. ठेक्काको अबधि २०८१ असारमसान्त सम्मको हुनेछ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

६. यस ठेक्का बमोजिम पार्किंग शुल्कउठाइने सवारी साधन र सोको दररेट यस लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आर्थिक ऐन २०८० बमोजिम यस बोलपत्र पुस्तिकाको बुदा न.१४ मा उल्लेख भय अनुसार हुनेछ।

७. यस ठेक्का बमोजिम पार्किंग शुल्क उठाउने कार्य तोकिएको पार्किंग स्थल बाट मात्र गर्नु पर्नेछ । शुल्क उठाउने स्थानमा अनिबार्य रुपमा स्वीकृत दररेट स्पष्ट देखिनेगरि सूचनापाटि बनाईराख्नु पर्नेछ।कुनैपनि सार्बजनिक सडक राजमार्गमा ढाटराख्न पाइने छैन।

८. उल्लेखित बस्तु हरुमा कर लिदा यदि उक्त बस्तुहरुको कर अन्य कुनै स्थानीयतह ले लिएको रहेछ भने दोहोरो हुने गरि लिन पाइने छैन।तर यसरी नगर क्षेत्र भित्रको प्रसोधन वा स्वरूप परिवर्तन गरि निकासी गरेमा भने कर लिन बाधा पर्नेछैन।

९.बोलपत्र पेस गर्दा न्युनतम अंकमान घट्ने गरि अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ।अंक र अक्षरमा लेख्दा फरक पर्दा अक्षरमा लेखेको लाई मान्याता दिइनेछ।

१०. बोलपत्र दाताहरु मध्य रित पुगेको सबैभन्दा बढी ठेक्का अंक कबुल गर्नेको ठेक्का स्वीकृत गरिनेछ।

११. ठेक्का कबोल गरि सम्झौता भएबमोजिमको रकममा कुनै कारण जनाई तथा नजनाई कुनै किसिमको मिनाहा तथा छुट दिइनेछैन।

१२. बोलपत्र स्वीकृत भएपछी त्यस्तो बोलपत्रदाताबाट कबोल गरिएको स्वीकृत कुल कबोलरकमको मूल्य अभिबृद्दी कर (VAT) समेतको रकम नेपाल रास्ट्र बैंक बाट मान्यता प्राप्त यस कार्यालयको नाममा जारि गरिएको कम्तिमा १२ महिना म्याद भएको पर्फमेन्स बोन्ड (Performance Bond) वा नगदैरकम प्राप्त भएपछी ठेक्का पाउने सबै सर्तहरु खुलाई सम्बंधित ठेकेदार संग कबुलियत गराइनेछ।अग्रिम एकमुस्ट रकम जम्मा गरेमा बोलपत्र पेस गर्दा राख्नु पर्ने धरौटी बराबरको रकम ठेक्का रकममा समाबेस गर्न पाइने छैन।सो धरौटी रकम चुक्ता प्रमाणपत्र पेस गरेपछि नियमानुसार फिर्ता दिईनेछ।ठेक्का स्वीकृत भएपछी सम्झौता नगरेमा धरौटी जफत हुनेछ।

१३. सम्झौता बमोजिम किस्ता रकम नबुझाएमा ठेकदारले राखेको बैंक ग्यारन्टी बाट किस्ता रकम असुल उपर गरि ठेक्का बदर गरिनेछ।यस कुरालाइ ठेकदारले कुनै उजुरी आपत्ति गर्न पाउने छैन।

१४. ठेक्का सम्बन्धमा नेपाल सरकार वा अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर, दस्तुर तिर्नु बुझाउनु परेमा ठेकदार आफैले बुझाउनु पर्नेछ।कर चुक्ता प्रमाण पेस नभए सम्म बैंक जमानत वा धरौटी फुकुवा गरिने छैन।

१५.बसपार्क भित्र यात्रु वा सामान लिन वा पुर्याउन आउने जाने व्यक्तिगत सवारी साधन बाट पार्किङ् शुल्क उठाउन पाउने छैन।

लम्किचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भज्नी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१६.बसपार्क को फोहोरमैला व्यवस्थापन गर्ने, आन्तरिक सुरक्ष गर्ने र कुनै सामान हानिनोक्सानी तथा चोरी भएमा सोको जिम्मेवारी दोस्रो पक्ष को हुनेछ।

१७ .यस ठेक्का बमोजिम पार्किंग शुल्क उठाउने कार्यका लागि आवस्यक रसिद हरु ठेकदार आफैले छपाई गरि यस लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाट प्रमाणित गराउनु पर्नछ।प्रमाणित नगरेको अनधिकृत रसिद बाट शुल्क उठाउन पाउनेछैन।प्रमाणित नगरेको अनधिकृत रसिद बाट शुल्क उठाएको उजुरी वा जानकारी आएमा नियामानुसार कारबाही हुनेछ।सम्झौतामा उल्लेख भएको दररेट भन्दा फरक पारि वा सम्झौतामा उल्लेख नभएका सवारी साधन मा शुल्क उठाउन पाइने छैन।

१८. ठेक्का सम्बन्धमा कुनै किसिमको बिबाद परेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंसिकमात्रस्वीकृत गर्ने अधिकार कार्यालयलाइ हुनेछ।

१९. दरभाउ पत्रदाताले कबोल गरेको ठेक्का अंक बरावर को ४०% प्रतिशत नगद रकम प्रथमकिस्ता सम्झौता भएकै दिन बैंक दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलानको पट्टापुर्जी प्रदान गरिनेछ र बाँकी रकमको हकमामान्यता प्राप्त क बर्गको बैंक को तोकिएको अबधिसम्मको बैंक ग्यारन्टी पेस गर्नुपर्नेछ।तोकिएको समयमा दोस्रो र तेस्रो किस्ता रकम नबुझाएमा बैंक जमानत बाट असुल उपर गरिनेछ।

२०.तोकिएको समयमा कार्यालय लाई ठेक्का रकम नबुझाएमा बार्षिक १०( दश) प्रतिशत का दरले हर्जाना सहित असुल उपर गरिनेछ।

२१. <u>ठेक्का रकमको भुक्तानी तालिका देहायानुसार हुनेछ</u>

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुदाका बखत | कबोल अंकको ४०% ले हुन् आउने रकम तथा सो को मु.अ.कर समेत |
| दोस्रो | २०८० साल पौस मसान्तभित्र | कबोल अंकको ३०% ले हुन् आउने रकम तथा सो को मु.अ.कर समेत |
| तेस्रो | २०८१ साल जेष्ठ मसान्तभित्र | कबोल अंकको ३०% ले हुन् आउने रकम तथा सो को मु.अ.कर समेत |

२२. ठेकदारको तर्फबाट ठेक्का अबधिभर ठेक्का संचालन गर्दा नगरपालिकालाइ कुनै किसिमको हानि नोक्सानी पुर्याए मा सोको हर्जाना समेत ठेकदारबाट असुल गरिनेछ।

२३. तोकीएको स्थान को सिमा रेखा भन्दा बाहिर गई कर संकलन गर्न गराउन पाईने छैन।तोकीएको सिमाभन्दा बाहिर गई कर असुली गरीएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्ध गर्न सक्नेछ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरका, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

२४. जुनसुकै अवस्थामा बजार बन्द हुन गएमा, व्यापारिक संख्या घट्न गएमा सो अवधिको ठेक्का अंक मा छुटको लागि हकदाविगर्न पाइने छैन।

२५. यस ठेक्का सम्वन्धि अन्य कुरा सार्वजनिक खरिद ऐन २०६४, सार्वजनिक खरिद नियमावलि २०६४,नगरपालिकाको आन्तरिक आय बन्दोवस्त (ठेक्का) सम्बन्धी नियमावली २०८० तथा प्रचलित ठेक्का व्यवस्थापन कानुन बमोजिम हुनेछ।

४:- बोलपत्रदाताको योग्यता

लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिमका योग्यता हुनु पर्नेछ ।

(क) बोलपत्रदाता नेपालको प्रचलित कानुन वमोजिम दर्ता भएको फर्म हुनु पर्नेछ ।

(ख) लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल वक्यौता नभएको हुनु पर्नेछ।

(ग) कालोसुचिमा नपरेकोहुनु पर्नेछ।

(घ) प्रचलित कानुन वमोजिम दर्ता तथा नविकरण भएको, मू.अ.करमा दर्ता भएको, कर चुक्तागरेको हुनु पर्नेछ।

५:- बोलपत्र पेश गर्ने तरिका

लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयआन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिमबोलपत्र पेश गर्नु पर्नेछ ।

(क) यस ठेक्का सम्वन्धि सूचनामा तोकिए वमोजिमकोबोलपत्र दस्तुर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्रपुस्तिका राम्रो सँग अध्ययन गरि सम्बन्धित ठेक्काकोविषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदातास्वयमले गर्नु पर्नेछ ।

(ख) यस ठेक्का सम्वन्धि सूचनामा उल्लेखित भए वमोजिमको धरौटी रकम नगद वा सो वरावरको बैंक जमानतकोसक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि बोलपत्र साथसंलग्न राखि बोलपत्र पुस्तिका भरी अधिकारप्राप्त व्यक्तिको दस्तखत सहि छाप गरि सम्बन्धित ठेक्काठेक्काकोनाम र ठेक्का नम्वर सहित उल्लेख गरि सिलवन्दि बोलपत्रनिर्धारित म्याद भित्र लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई सम्वोधन गरि दाखिला गर्नु पर्नेछ।

नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

शेर बहादुर
प्रमुख प्रशासकीय अधिकृत

(ग) यसका साथ बोलपत्र खरिद तथा दर्ता सम्बन्धि कार्य विधुतिय पोर्टल www.bolpatra.com/egp का माधयमबाट मात्र गर्न सकिनेछ ।

६:- **बोलपत्र खोल्ने प्रकृया**

नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु देहाय वमोजिम प्रकृयामा खोलिने छ ।

(क) बोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्वन्धि सूचनामा उल्लेख भए वमोजिम हुनेछ ।

(ख) दर्ता भएका बोलपत्रहरु सूचनामा उल्लेख भए वमोजिम बोलपत्रदाता वा निजको प्रतिनीधिको रोहवरमा यस लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमाखोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनीधि उपस्थितनभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७:- **बोलपत्रको मूल्याङ्कन**

बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङकन देहाय वमोजिम हुनेछ ।

(क) लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयकोबोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ र आन्तरीक आय (ठेक्का) बन्दोवस्त सम्बन्धी नियमावली २०८० ले व्यवस्था गरे वमोजिम गरिनेछ ।

(ख) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका वनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ ।

(ग) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्काअंक भन्दा सबै भन्दावढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने प्रकृया अगाडी बढाइने छ ।

८:- **बोलपत्रको स्विकृति**

बोलपत्रको स्विकृति देहाय वमोजिम गरिनेछ ।

(क)पेश भएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार लम्किचुहा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमारहने छ।

(ख) बोलपत्र मूल्याङकन समितिबाट योग्यता तथा पूर्णता परिक्षणमा सफल भएकासारभुतरुपमा प्रभाहग्राही तथान्यूनतम ठेक्का अंक भन्दा सबै भन्दा बढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गरिनेछ ।

लम्किचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भक्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

...र बहादुर बुढा
...कीय अधिकृत

(ग) ठेक्का स्विकृत भएको ७ दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा जमानत लिईसम्झौता गर्न सम्बन्धित बोलपत्रदाता लाई लम्किचुहा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट सूचित गरिनेछ।

९:- बोलपत्र जमानत वा धरौटी

लम्किचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का स्विकृत भएको सूचना प्राप्त भएपछिबोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए वमोजिमको आवश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मागरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न बोलपत्रदाता कार्यलयमा उपस्थित हुनु पर्नेछ ।तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गरीत्यसपछिको दोस्रो बढी कबोल गर्ने बोलपत्रदाताकोबोलपत्र स्विकृत गर्ने प्रकृया कार्यालयले अगाडी बढाउने छ ।

१०:- सम्झौता र कार्यादेश

सम्झौता र कार्यदिश देहाय वमोजिम हुनेछ ।

(क) यो ठेक्काको कुल कबोल अंकबराबररकमको सम्झौता रकम कायम गरिने छ ।

(ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(ग) कार्यालय र ठेकेदार विच भएको सम्झौता वमोजिम ठेक्का सञ्चालन नभए वा नगरेमा कार्यालयले ठेक्का सम्झौताअन्त्य गर्न सक्ने छ ।

(घ) बुदँ ९ वमिजिम सम्झौता भएपश्चात ठेक्का सन्चालन गर्न पाउने दर रेट विवरण उल्लेख गरि ठेक्का सन्चालनका लागि ठेकेदारलाई कार्यालयले कार्यदिश दिनेछ।

११:- ठेकेदारले पालना गर्नु पर्ने आचरण

(क) ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्वन्धित सवै सरोकारवाला सँग शिष्ट तथा सम्मानितव्यवहार गर्नु पर्नेछ। कर्यालय र ठेकेदार विच भएको सम्झौता वमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्यगर्न सक्नेछ ।

(ख) ठेक्का सम्वन्धित पत्राचार तथा अन्य कारवाही शिष्ट, सम्मानित एवम मार्यादित भाषामा गर्नु पर्नेछ।

(ग) सार्वजनिक सम्पतिको संरक्षण गर्ने तथा शान्ति सदभाव कायम गर्ने दायित्व बहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

१२:- विवाद व्यवस्थापन

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको वैठककोनिर्णयबाट विवादको व्यवस्थापनगरिनेछ ।

१३:- कार्य सम्पन्न

कार्यालयको सहयोगमा ठेक्का सम्झौता वमोजिम ठेक्का सन्चालन गरि कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ। ठेक्का सन्चालन गरि कार्य सम्पन्न भएमा कार्यालय बाट कार्य सम्पन्न प्रमाणपत्र नियमअनुसार ठेकेदार लाई प्रदान गर्नेछ।

१४:- लम्कीचुहा नगरपालिकाको पार्किङ शूल्क दर

**अनुसूची ११**

**दफा १२सँग सम्बन्धित**

**नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम**

**पार्किङ्ग तथा प्रवेश शुल्कको दर:**

१.बसपार्कमा सवारी साधन पार्किंग शुल्क रु.५०।–

२.रात्रीमा सवारी साधन पार्किंग शुल्क रु.१५०।–

३. पार्कमा सवारी साधन पार्किंग शुल्क:

(अ) मोटर साईकल रु. १०।– (आ) बस रु.२२०।–

(इ) जिप, कार, ट्रयाक्टर, आदी रु. १००।– (ई) डल्लप रु.४०।-

(उ) ई.रिक्सा रु.२५।

४. बसपार्कमा सवारी साधन प्रवेश शुल्क

(अ) छोटो दुरी रु. ४०।– (आ) लामो दुरी रु.५०।– (इ)रीक्सा तथा अन्यरु.५ ।–

<u>१५:-बोलपत्र फारम (बोलपत्र दाताले अनिवार्य भरि पेश गर्नु पर्ने )</u>

| सि.न. | ठेक्का विवरण | ठेक्का कबोल अंक (भ्याट बाहेक) रु. | |
|---|---|---|---|
| | | अंकमा रु. | अक्षरमा रु. |
| १ | बसपार्क सवारी साधनको पार्किङ/प्रवेश शूल्क संकलन गर्ने कार्य | | |

नगर कार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

ठेक्का शर्तहरु अध्ययन गरी उल्लेखित शर्तपालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम कबोल गरी बोलपत्र पेश गरेको छु ।

**बोलपत्रदाता को विवरण (अनिवार्य )**

आधिकारिक व्यक्तिको नामः

ठेगाना :

सम्पर्क न.इमेलः

फर्मको नाम :

दस्तखत :

फर्मको छापः

मिति

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत